# "पिपुल फर्ष्ट पार्टी"
# पार्टी स्थापना अधिवेशनको प्रेस-वक्तव्य

१. निर्वाचन आयोग बाट मिति २०८२ मंसिर ५ गते दर्ता पाएको "पिपुल फर्ष्ट पार्टी" को स्थापना अधिवेशन यही पुष ४-५ गते राधेराधे भक्तपुरमा सम्पन्न भएको छ । अधिवेशनको पहिलो दिन ४ गते उद्घाटन तथा दस्तावेज प्रस्तुतिकरण र दोस्रो दिन ५ गते छलफल, कार्ययोजना र समापन गरी कार्यक्रम ५ शत्रमा विभक्त थियो ।

२. स्वशासन र सुशासनको माध्यमबाट 'सबैको स्वाभिभान र सबैको संमृद्धि सुनिश्चित गर्ने लक्ष्य, उद्धेश्यसहित नैतिक मानक र मूल्यप्रणाली आधारित 'बैकल्पिक राजनीति' लाई स्थापित गर्न उन्नत लोकतान्त्रिक, पूर्ण समानुपातिक-समावेशी, प्रगतिशील र अग्रगामीदलको आवश्यकतालाई परिपूर्ति गर्नु दल स्थापनाको मुख्य अभिष्ट रहेको छ ।

३. पिपुल फर्ष्ट पार्टीले 'न दाँया, न बायाँ न पछाडि, सधै तथ्यसंगत र अगाडि (Neither Left Nor Right or Back Always Fact Based and Forward) को शुत्र अबलम्बन गर्नेछ । राजनीतिक रंगावलीमा पार्टीको स्थान अग्रपथ (Frontism) हुनेछ । यसले सर्बथा 'नागरिक सर्वोच्चता' र 'नागरिकतन्त्र' को पैरवी र अभ्यास गर्ने छ ।

**पार्टी स्थापना अधिवेशनको प्रेस-वक्तव्य**

१. निर्वाचन आयोग बाट मिति २०८२ मंसिर ५ गते दर्ता पाएको पिपुल फर्ष्ट पार्टीको स्थापना अधिवेशन यही पुष ४-५ गते राधेराधे भक्तपुरमा सम्पन्न भएको छ । अधिवेशनको पहिलो दिन ४ गते उद्घाटन तथा दस्तावेज प्रस्तुतिकरण र दोस्रो दिन ५ गते छलफल, कार्ययोजना र समापन गरी कार्यक्रम ५ शत्रमा विभक्त थियो ।

२. स्वशासन र सुशासनको माध्यमबाट 'सबैको स्वाभिभान र सबैको संमृद्धि' सुनिश्चित गर्ने लक्ष्य, उद्धेश्यसहितनैतिकमानक र मूल्यप्रणाली आधारित 'बैकल्पिक राजनीति' लाई स्थापितगर्न उन्नत लोकतान्त्रिक, पूर्ण समानुपातिक-समावेशी, प्रगतिशील र अग्रगामीदलको आवश्यकतालाई परिपूर्ति गर्नु दल स्थापनाको मुख्य अभिष्ट रहेको छ ।

३. पिपुल फर्ष्ट पार्टीले 'न दाँया', 'न बायाँ' ' न पछाडि', सधै ठीक र (Neither Left Nor Right or Back Always Right and Forward) को शुत्र अबलम्बन गर्नेछ । राजनीतिक रंगावलीमा पार्टीको स्थान अग्रपथ Frontism) हुनेछ । यसले सर्बथा 'नागरिक सर्वोच्चता' र 'नागरिकतन्त्र' को पैरवी र अभ्यास गर्ने छ ।

४. 'लोकतन्त्रको लोकतन्त्रिकरण' को मुख्यकार्यदिशा 'नागरिकतन्त्र' हो भन्ने पार्टीको विश्वास छ । पार्टीले पुरानादलहरुको व्यवहारबाट लोकतन्त्रको विचलन, क्षयीकरणवा भ्रष्टिकरणका रुपमाप्रवृत भएकादलतन्त्र, अतिदलीयकरण, नेतातन्त्र, अल्पतन्त्र, गुटतन्त्र, परिवारतन्त्र, विचौलियातन्त्र, सिन्डिकेटतन्त्र जस्ता प्रवृतिको विरुद्ध निर्मम संघर्ष गर्ने छ । साथै, कथित नयाँहरुको व्यक्तिवाद, नायकत्ववाद र प्रियतावादको साटो संस्थावाद Institutionlism) को पक्षपोषण र अभ्यास गर्ने छ । यस अर्थमा पिपुल फर्ष्ट पार्टी पुराना र कथित नयाँ दुबै प्रकारका अन्य दल भन्दा बिल्कुलै फरक छ । यसप्रकारको विचार र अभ्यासमा विश्वास गर्ने दल अहिलेसम्म देशको राजनीतिक परिदृष्यमा थिएन ।

५. ४ गतेको उद्घाटन शत्रमा  समाज र राष्ट्रिय जीवनका विभिन्न पक्षलाई प्रतिनिधित्व गर्दै नेतृ सुमनाश्रेष्ठ, नागरिक प्रथम अभियन्ता केशब दाहाल, दलित  गोलमेच सम्मेलन संयोजक डा. निर्मल विश्वकर्मा, यौनिक अल्पसंख्यक अधिकारकर्मी सुनिलबाबु  पन्त र चिकित्साकर्मी डा. योगराज लिम्बुले  शुभकामना मन्तव्य  व्यक्त गर्नु भयो । पार्टीका संस्थापक संयोजक प्रशान्त  सिंहले उद्घाटन मन्तव्य राख्दै पार्टीका नीति, सिद्धान्त, विचार, एजेण्डाबारे प्रष्ट पार्नु भएको थियो ।

६. दस्तावेज सत्रमा राजनीतिक प्रतिवेदन, घोषणापत्र, विधान तथा नियमावली प्रस्तुत गरियो । राजनीतिक प्रतिवेदन डम्बर खतिवडा, घोषणापत्र  विकास ठाकुर र विधान तथा नियमावली भूपेन्द्र नेम्बाङले प्रस्तुत गर्नु भयो । समापन सत्रमा  २७ सहभागीले आफ्ना विचार र दृष्टिकोण  प्रस्तुत गर्नु भएको थियो ।आवश्यक परिमार्जन र सुधारसहित दस्तावेज  पारित गरियो । छलफल शत्रको समीक्षा र संश्लेषण मुमाराम खनालले गर्नु भयो ।

७. पार्टीले आगामी निर्वाचन र स्थापना अधिवेशनदेखि  प्रथम महाधिवेशनसम्मको संक्रमणकालिन कार्ययोजना बनाएको छ । निर्वाचन आयोगमा दर्ता २३ जनाको तदर्थ समिति सहित ५१  जना सम्मको नेतृत्व परिषद  (लिडरसीप काउन्सिल ) बनाउने, प्रथम महाधिवेशन सम्म यसैले केन्द्रियकार्य सम्पादन समितिको दायित्वबहन गर्ने,  तदर्थ केन्द्रिय समितिमा २८१ जनाप्रादेशिक जनसंख्याका आधारमा पूर्ण समानुपातिक प्रतिनिधित्व गराउने निर्णय गरेको छ, जस अनुसार कोशी-४८, मधेश-५९, बाग्मति-५९, गण्डकी-२४, लुम्बिनी-४९, कर्णाली, र सुदुरपश्चिमा २६ जनाहुनेछ । कम्तीमा २ यौनिक अल्पसंख्यक सहित ४० प्रतिशत युवा हुने पर्ने छ । हरेक समावेशी समूहमा महिला-पुरुष आधा आधा हुनु पर्ने छ  ।

८. पार्टीले निर्वाचन प्रयोजनका लागि १. निर्वाचन घोषणापत्र उपसमिति २. समानुपातिक तथा प्रत्यक्ष उम्मेद्वार प्राइमरी तथा छनौट उपसमिति ३. संवादतथा सहकार्य उपसमिति र आवश्यक पार्टी विभाग गठन गर्ने निर्णय गरेको छ ।

९. जनसरोकारका मुख्य ७ सवाललाई क्षेत्रगत वर्गिकरण गरी जनपरिचालन गर्ने निर्णय गरिएको  छ । ती हुन:

९.१. अन्त्योदय आन्दोलन, दलितका १० सवालबारे

९.२. भूमिहीन, सुकुम्बासी, अव्यवस्थित बसोबासी, मध्यवर्ती क्षेत्र आरक्ष निकुञ्ज, सडक तथाखोला मापदंड पीडितका समस्याबारे

९.३. शिक्षा, स्वास्थ्य, सार्बजनिक यातायात, सडक व्यवस्था र दूर्घटना,  खानेपानी, सरसफाई, फोहोर तथा कवाडी व्यवस्थापनआदि शहरी समस्या बारे

९.४. महिला, यौपनक अल्पसंख्यक, युवा, जनजाति, मुस्लिम, मधेसी-थारु लगायतका राष्ट्रिय समुदाय, धार्मिक तथाअन्य अल्पसंख्यकका समस्याबारे

९.५. अर्थतन्त्रका  संरचनागत समस्या, उद्योगी, व्यवसायीको समस्या, कृषि, कृषकका समस्या, कर तथा राजस्व प्रशासनका  समस्या बारे

९.६. वित्तिय समस्या, सहकारी ठगी, लघुवित्त, मिटरब्याज पीडित,  बैंकिङ कसुर, ऋण, ब्याजदर आदि समस्या बारे ।

९.७. भू-राजनीति, अन्तर्देशीय सम्बन्ध, वैदेशिक रोगजार वा विदेशमा बस्ने नेपालीका समस्या बारे ।

१०.पार्टीको वेवसाइट, लोगो, झण्डा, गीत, ब्याच आदि सार्बजनिक गरियो

११. अधिवेशनले निम्न प्रस्ताव पारित गरेको छ ।

११.१. पार्टी दर्ताका लागि निवेदक हस्ताक्षर तथा समर्थन सनाखत प्रदान गर्नु हुने बारा, पर्सा, रौतहट, ललितपुर, सुनसरी, तनहुँ, मकबानपुर र दाङका ७०० बढी मतदाता नागरिक, सम्बन्धित जिल्लाका निर्वाचन कार्यालय तथा निर्वाचनआयोगप्रति हार्दिक धन्यवाद ज्ञापन गरियो ।

११.२. भाद्र २३-२४ गतेको भएको जेन-जीआन्दोलन एक ऐतिहासिक जनबिद्रोह थियो भन्ने ठहर गर्दै यसका मर्म, भावना र सवाललाई पार्टीले आत्मसात गर्ने निर्णय गरियो । तत्कालिन प्रधानमन्त्री केपी शर्मा ओली र गृहमन्त्री रमेश लेखक लगायत सबैलाई तत्काल जाँचबुझ आयोगको दायराभित्र ल्याई न्यायिक प्रक्रिया प्रारम्भ गर्न सरकारसंग जोडदार माग गरियो ।

११.३. सरकार र जेन-जी पक्षबीच २०८२ मंसिर २४ गते भएको १० बुँदे सम्झौता पर्याप्त नभएपनि सकारात्मक ठहर गर्दै अबिलम्ब लागू गरेर मात्र नयाँचुनावमा जानु पर्ने ठहर गरियो । पार्टीले सम्झौतालाई राजनीतिक मान्यता दिँदै आत्मसात र कार्यान्वयनका लागि निरन्तर दबाब सृजना गर्ने निर्णय भयो ।

११.४. विगत दशकयताका सबै ठूला भ्रष्टाचार काण्ड, अबैध सम्पति आर्जन र शुद्धिकरण र ठगीको छानविन गर्न एक उच्चस्तरीय र अधिकारसम्मन्न नागरिक आयोग अबिलम्ब गठन गरियोस् भन्ने दाबी गरियो ।

११.५. नागरिक प्रथमअभियानले शुत्रीकरण गरी निर्वाचनआयोगलाई बुझाएका १८ बुँदासहितको निर्वाचन आयोगले राजनीति दल सम्बन्धि ऐन, निर्वाचन ऐन लगायतमा संशोधन माग गरेका २१ बुँदाको सम्बन्धित ऐन अध्यादेश जारी गरेर मात्र नयाँ निर्वाचनमा जाने बाताबरणमा जाने वातावरण तयार गरियोस् ।

१२. पार्टीको कानुनी बैधता मिति २०८२ मंसिर ५गते पूरा भएको भएतापनिनागरिक सर्वोच्चताको सिद्धान्तमा राजनीतिक बैधता उच्चमानिने हुँदा पार्टी स्थापनाको बार्षिक दिबस स्थापना अधिवेशनको पहिलो दिन पुष ४ गते मानिने निर्णय भयो ।

धन्यवाद ।

.......................................

संयोजक

प्रशान्तसिंह